कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या (Ref. No):- २०८२/८३
चलानी नं. (Dispatch No.) :

मिति(Date): २०८२/०४/२२

प्रथम पटक प्रकाशित मिति २०८२/०४/२२

सूचना ! सूचना !! सूचना !!!

## घरजग्गा वहाल सम्बन्धी विवरण पेश गर्ने बारेको अत्यन्त जरुरी सूचना !

यस कटारी नगरपालिकाले *घर वहाल कर व्यवस्थापन कार्यविधि, २०७६* बमोजिम कटारी नगरपालिका क्षेत्रभित्र आफ्नो निजि स्वामित्वमा रहेको आफ्नो घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले अरुलाई भोग चलन गर्न भाडा, वहाल, लिज वा पट्टामा दिएको वा कुनै जग्गा लिजमा लिई घर भाडामा लगाएको व्यक्ति समेतलाई आफ्नो बहालमा दिएको घरजग्गा सम्बन्धी विवरण दाखिला गरी नगरपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

घरजग्गा वहाल सम्बन्धी विवरण दाखिला गर्ने फाराम नगर कार्यपालिकाको कार्यालयबाट यही २०८२।०४।२२ गतेदेखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी मिति २०८२।०७।३० गतेभित्र कटारी नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ ।

घरजग्गा वहाल सम्बन्धी विवरण पेश गर्दा वहालमा दिएको घर जग्गाको विवरण, वहाल रकम र वहाल अवधि स्पष्ट खुलेको वहाल सम्झौता पत्रको प्रतिलिपि, धनीपूर्जाको प्रतिलिपि, वहालमा बस्नेको आधिकारिक विवरण सहित तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ । विवरण पेश गर्ने ढाँचा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

विवरण घरजग्गा धनी आफैं वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । नगरपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने घरजग्गा धनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो वहालमा दिएको घरजग्गाको विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

..................................
राजन थापा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत